# स्थानीय वन ऐन

## २०७९

## देवचुली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर नवलपरासी, (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

प्रमाणिकरण मिति २०७९।१०।०२

Scanned with CamScanner

# स्थानीय वन ऐन २०७९

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पर्वतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

**प्रस्तावना:**

यस नगरपालिकाको क्षेत्र भित्र रहेको वनलाई सामुदायिक वन लगायत समुदायमा आधारित वन र निजी वनका माध्यमवाट दिगो व्यवस्थापन गरी वनमाथिको सामुदायिक तथा निजी अधिकारको सुनिश्चितता, जलवायु परिवर्तन न्यूनीकरण एवं अनुकूलन, जैविक विविधता संरक्षण, वातावरणीय सेवाको प्रवर्द्धन र पर्यापर्यटन एवं वन उद्यमको विकास गर्दै वन पैदावारको सदुपयोग र सोवाट प्राप्त लाभको न्यायोचित् वांडफांड गर्दै दिगो विकास, सामाजिक तथा आर्थिक समृद्धि र लैङ्गिक तथा समाजिक न्याय हासिल गर्न वान्छनीय भएकोले, नेपालको संविधानको अनुसूची ८ र अनुसूची ९ मा उल्लेखित वन सम्वन्धी अधिकार कार्यान्वयन गर्न नेपालको संविधानको धारा २२६ वमोजिम देवचुली नगरपालिकाको नगर सभाले यो ऐन वनाई पारित गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम "देवचुली नगरपालिकाको स्थानीय वन ऐन २०७९" रहेको छ ।

(२) यो ऐन नगर सभावाट पारित भइ देवचुली नगरपालिकाको राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा:**

विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:

(क) **"उपभोक्ता समूह"** भन्नाले वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन र सदुपयोग गर्नका लागि दफा १२ वमोजिम गठन भई दफा १३ वमोजिम दर्ता भएको उपभोक्ता समूहलाई जनाउंदछ ।

(ख) **"कबुलियती वन"** भन्नाले दफा २६ वमोजिम व्यवस्थापन गरिने वनलाई जनाउंदछ ।

(ग) **"गैरकाष्ठ वन पैदावार"** भन्नाले वनमा रहेका वा वनमा उत्पन्न भएका वा वनवाहिर रहेका रुखहरुवाट उत्पादित काठ र दाउरा वाहेकका जडीवटी तथा अन्य सवै जैविक उत्पत्तिका सामानलाई जनाउंछ ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख



Scanned with CamScanner

(घ) **"चिडियाखाना"** भन्नाले संरक्षण, शिक्षा, मनोरन्जन, प्रजनन्, वंशाणु श्रोत संरक्षण, अध्ययन अनुसन्धान गर्ने उद्देश्यले जीवजन्तुको परस्थानमा प्रदर्शनीमा राखी व्यवस्थापन गरिएको स्थानलाई जनाउँछ।

(ङ) **"जैविक मार्ग"** भन्नाले वन्यजन्तुहरु एक वासस्थानबाट अर्को वासस्थानमा आवत जावत गर्ने क्षेत्र वा वन जंगल वा वन क्षेत्रलाई जनाउँछ।

(च) **"टाँचा"** भन्नाले काठ वा खडा रहेका रुखहरुमा लगाइने छाप, चिन्ह वा निशानाहरुलाई जनाउँदछ।

(छ) **"धार्मिक वन"** भन्नाले दफा २७ बमोजिम संरक्षण तथा व्यवस्थापन गरिएको राष्ट्रिय वनलाई जनाउँदछ।

(ज) **"निजी वन"** भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्ति वा संस्थाको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वनलाई जनाउँछ र सो शब्दले परिवारको निजी जग्गामा रहेको पारिवारिक निजी वन समेतलाई जनाउनेछ।

(झ) **"राष्ट्रिय वन"** भन्नाले यस नगरपालिकाको क्षेत्रभित्र रहेका सामुदायिक वन, सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, साझेदारी वन, कबुलियति वन र धार्मिक वन समेतलाई जनाउँछ।

(ञ) **"वन"** भन्नाले पूर्ण वा आंशिक रुपमा रुखहरु वा बुट्यानले ढाकिएको क्षेत्रलाई जनाउँछ।

(ट) **"वन पैदावार"** भन्नाले वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका देहायका वन पैदावारलाई जनाउछ।

(१) काष्ठजन्य वन पैदावार

(२) जडीबुटी र गैरकाष्ठ वन पैदावार र

(३) चट्टान, ढुङ्गा, माटो, नदीजन्य र खनिजजन्य पदार्थ।

(ठ) **"वन सिमाना चिन्ह"** भन्नाले राष्ट्रिय वनको सिमाना छुट्टयाउन लगाइएको काट, ढुङ्गा, सिमेन्ट वा अरु कुनै वस्तुको खम्बा वा चिन्हपटलाई जनाउँदछ र सो शब्दले प्रचलित कानून बमोजिम जग्गा नापजाँच गरी तयार गरेको नक्सामा अङ्कित वन सिमाना चिन्ह समेतलाई जनाउनेछ।

(ड) **"वन क्षेत्र"** भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ति वा ऐलानी जग्गाले ओगटेको क्षेत्र समेतलाई जनाउँदछ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख



Scanned with CamScanner

(ढ) **"व्यवस्थापन योजना"** भन्नाले वातावरणीय सन्तुलन कायम राखी वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग र बिक्री वितरण गर्न तयार गरिएको र यस ऐन एवं प्रचलित कानून बमोजिम स्वीकृत वनसम्बन्धी कार्य योजनालाई जनाउँदछ ।

(ण) **"वातावरणीय सेवा"** भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सोबाट प्राप्त हुने लाभलाई जनाउँदछ :

(१) कार्वन सेवा

(२) जैविक विविधताको संरक्षण

(३) जलाधार तथा जलचक्र प्रणाली

(४) पर्यापर्यटन

(५) वातावरणीय सेवा प्रदान गर्ने अन्य वस्तु, सेवा वा लाभ ।

(त) **"वातावरणीय परीक्षण"** भन्नाले वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम गरिने संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्यांकन समेतलाई जनाउँदछ ।

(थ) **"समुदायमा आधारित जलवायु अनुकूलन"** भन्नाले अनुकूलन योजना तर्जुमा सम्बन्धी प्रचलित मापदण्ड तथा कार्यविधिहरु र यस नगरपालिकाको अनुकूलन योजनालाई समेत मध्यनजर गर्दै उपभोक्ता समूहले आफ्नो स्थानीय समुदायका लागि अनुकूलन योजना तर्जुमा र कार्यान्वयन गर्ने कार्यलाई जनाउँदछ ।

(द) **"सामुदायिक वन"** भन्नाले यस ऐन र वन सम्बन्धी प्रचलित संघीय र प्रदेश कानून बमोजिम उपभोक्ता समूहलाई सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएको वनलाई जनाउँदछ ।

(ध) **"सार्वजनिक जग्गा"** भन्नाले जग्गा र वनसम्बन्धी प्रचलित कानून बमोजिम परिभाषित गरिए अनुसार यस नगरपालिकाको क्षेत्रमा पहिचान र सिमाङ्कन गरिएका सार्वजनिक जग्गालाई जनाउँदछ ।

## परिच्छेद - २

## वनको सीमा निर्धारण, भू-उपयोग र वन क्षेत्रमा विकास आयोजना सञ्चालन सम्बन्धी व्यवस्था

### ३. बनको सिमाना निर्धारण:

(१) वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले यस नगरपालिकामा कार्यपालिकासँग समन्वय र छलफल गरी सामुदायिक वन उपभोक्ता

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

समूहका साथै आवश्यकता अनुसार वन सिमानामा रहेको निजी जग्गावालाहरुलाई समेत सहभागी गराइं राष्ट्रिय वनको सिमाना निर्धारण गरी वन सिमाना चिन्ह लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वन सिमाना निर्धारण गरी तयार गरिएको नक्शामा यस नगरपालिकाको प्रमुखले प्रमाणित गरी सोको एक प्रति यस नगरपालिकामा र एक प्रति प्रदेश सरकारको वनसम्वन्धी कार्यालयमा अभिलेख राख्नु पर्नेछ ।

**४. वन सिमानाका लागि जग्गा प्राप्त गर्न सक्ने:**

(१) दफा ३ बमोजिम वनको सिमाना कायम गर्दा वन संरक्षणको दृष्टिकोणले आवश्यक भएमा वनको सिमानासंग जोडिएका सार्वजनिक जग्गा वा निजी जग्गा वा त्यस्तो: जग्गामा रहेका कुनै भौतिक संरचनाहरु समेत यस नगरपालिकामा कार्यपालिकासंग छलफल गरी संघीय र प्रदेश कानून बमोजिम वनको सिमाना भित्र पारी वन सिमाना कायम गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम घर जग्गा समेत वन सिमाना भित्र पार्नु पर्ने भएमा घर जग्गा प्राप्ति र सोको क्षतिपूर्ति सम्वन्धी व्यवस्था वनसम्वन्धी संघीय कानून वमोजिम हुनेछ ।

(३) वन सिमानाभित्र पर्ने निजी जग्गाको वनसम्वन्धी संघीय कानून बमोजिम लगत कट्टा गर्नु पर्नेछ ।

(४) राष्ट्रिय वनमा पर्ने निजी जग्गाको लगत कट्टा गरिएमा प्रदेश सरकारको वनसम्वन्धी कार्यालय र मालपोत कार्यालयले सोको जानकारी यस नगरपालिकाको कार्यपालिका समक्ष दिनुपर्नेछ र यस नगरपालिकाले सोही बमोजिम निजी जग्गाको भूमी करसम्वन्धी लगत कट्टा गर्नु पर्नेछ ।

**५. बनसम्बन्धी भू-स्वामित्व:**

(१) यस नगरपालिकाको क्षेत्र भित्र रहेको वनमाथिको भू स्वामित्व सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ

(क) यस नगरपालिकाको क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरुमाथिको भू स्वामित्व यसै नगरपालिकामा निहित रहने छ ।

(ख) यस नगरपालिकामा राष्ट्रिय वनको रुपमा रहेका वनक्षेत्रका जग्गामाथिको भूस्वामित्व वन सम्वन्धी प्रचलित संघीय कानून बमोजिम नेपाल सरकारमा रहनेछ ।

(ग) सामुदायिक वन लगायतका समुदायमा आधारित वन क्षेत्रका जग्गाहरु सामुदायिक जग्गाको रुपमा रहने छन् ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

(२) प्रथाजनित रुपमा संरक्षण र व्यवस्थापन हुँदै आएका वनहरुमा परम्परागत रुपमा स्थापित सम्वन्धित प्रथाजनित संस्थाको अधिकार रहनेछ ।

(३) नेपाल सरकारले यस नगरपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको भू उपयोग परिवर्तन, भोगाधिकार प्रदान वा अन्य कुनै किसिमले कसैलाई हक हस्तान्तरण गर्ने निर्णय गर्नुपूर्व यस नगरपालिकाको कार्यपालिका, सम्वन्धित वन उपभोक्ता समूह र कुनै स्थानमा प्रथाजनित संस्था भएमा सोको समेत सहमति लिनु पर्नेछ ।

**६. वन व्यवस्थापन प्रणाली:**

(१) यस नगरपालिकामा रहेको राष्ट्रिय वनलाइ सामुदायिक वन र आवश्यकता अनुसार समुदायमा आधारित अन्य वन वा प्रथाजनित वनको रुपमा व्यवस्थापन गरिनेछ ।

(२) विभिन्न किसिमका वन व्यवस्थापन प्रणालीहरु मध्ये सामुदायिक वन व्यवस्थापन प्रणालीलाइ प्राथमिकता दिनु पर्नेछ ।

(३) यस नगरपालिकाको सार्वजनिक जग्गामा रहेको वनलाई सामुदायिक वनको रुपमा विकास र व्यवस्थापन गर्न सकिनेछ र उपभोक्ता समूहले सार्वजनिक जग्गामा रहेको वन व्यवस्थापन नगरेमा नगरपालिका आफैले वा कुनै संघ संस्थाका माध्यमवाट व्यवस्थापन गर्न गराउन सक्नेछ ।

**७. भू:उपयोग योजना र वन क्षेत्रको भू-उपयोग परिवर्तन:**

(१) यस नगरपालिका वा अन्य सम्वन्धित निकायले भू-उपयोग योजना तर्जुमा गर्दा यस नगरपालिकामा रहेको राष्ट्रिय वनलाइ वन क्षेत्रको रुपमा नै कायम गर्नुपर्नेछ ।

(२) यस नगरपालिकाको क्षेत्रभित्र रहेका कुनै पनि वनहरुमा कुनै पनि किसिमको वसोवास वा पुनर्वास गर्ने गराइने छैन । तर प्राकृतिक प्रकोप पिडित घरधुरीहरुलाई प्रकोप व्यवस्थापन गर्न लाग्ने अवधीभर वनको कुनै क्षेत्रमा वन विनास नहुने गरी प्रदेश सरकारसंगको समन्वयमा अस्थायी वसोवास गराउन सकिने छ ।

(३) नेपालको संविधान वमोजिम भूमिहिन दलित र भूमिहिन सुकुम्वासीलाई रुख विरुवा नभएको कुनै क्षेत्रको जग्गा उपलव्ध गराउनु पर्ने भएमा भूमीसम्वन्धी प्रचलित संघीय कानून वमोजिमको प्रक्रिया अवलम्वन गर्नुपर्नेछ ।

(४) वन क्षेत्रको भूनउपयोग परिवर्तन गर्नुपर्ने भएमा सम्वन्धित उपभोक्ता समूहको सहमति लिई मन्त्रिपरिषद्वाट अनुमति प्राप्त भएमा मात्र वन क्षेत्रको भू-उपयोग परिवर्तन गर्न पाइनेछ ।

हरिप्रसाद क्योपाने
नगर प्रमुख



Scanned with CamScanner

**८. बन क्षेत्रमा विकास आयोजना सञ्चालनः**

(१) वन क्षेत्रमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा राष्ट्रिय गौरवको योजना सञ्चालन गर्ने, क्षतिपूर्ति प्रदान गर्ने र वन क्षेत्रको पूनरस्थापना गर्ने सम्वन्धी व्यवस्थाहरु प्रचलित संघीय कानून वमोजिम हुनेछ ।

(२) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा राष्ट्रिय गौरवको योजना वाहेक अन्य आयोजनाका लागि वन क्षेत्रको प्रयोग गर्न पाइने छैन । तर यस नगरपालिकाले आफ्ना स्थानीय विकास आयोजनाको लागि वन क्षेत्र प्रयोग गर्नुपर्ने भएमा प्रभावित स्थानीय समुदायसँगको सहमतिमा वनसम्वन्धी प्रचलित संघीय कानून वमोजिमको प्रक्रिया अवलम्वन गरी नेपाल सरकारको स्वीकृती लिइ निश्चित वन क्षेत्र प्रयोग गर्न सक्नेछ ।

(३) यस नगरपालिकामा नक्शामा वन क्षेत्रको रुपमा रहेको तर वन कायम नरही विभिन्न किसिमका सार्वजनिक प्रयोजनका लागि उक्त वन क्षेत्रको जग्गा उपयोग भइरहेको अवस्था रहेमा उक्त वन क्षेत्रको जग्गालाई सोही सार्वजनिक प्रयोजनका लागि उपयोग गरी सो वन क्षेत्रको जग्गा वरावर उपयुक्त जग्गामा वन क्षेत्रको विकास गर्न सकिनेछ ।

**९. बन क्षेत्र प्रयोग गर्दा क्षतिपूर्ति दिनुपर्नेः**

(१) कुनै पनि प्रयोजनका लागि वन क्षेत्र प्रयोग गर्दा सोवाट प्रभावित हुने उपभोक्ता समूह र प्रथाजनित संस्थाहरुसंग पूर्वसूचित सहमति लिनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम वन क्षेत्र प्रयोग गर्दा कुनै प्रभाव पर्ने भएमा सम्वन्धित उपभोक्ता समूह र अन्य प्रभावित समुदायलाई प्रचलित संघिय तथा प्रदेश कानून वमोजिम क्षतिपूर्ति उपलव्ध गराउनु पर्नेछ ।

(३) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, राष्ट्रिय गौरवका आयोजना र अन्य कुनै पनि विकास आयोजनाले वन क्षेत्र प्रयोग गर्ने क्रममा प्राप्त भएका वन पैदावार सम्वन्धित उपभोक्ता समूहलाइ उपलव्ध गराइ उक्त वन पैदावार कटान, संकलन, ओसार पसार र घाटगढी गर्दा लाग्ने खर्च सम्वन्धित विकास आयोजनाले व्यहोर्नु पर्नेछ ।

**१०. बन क्षेत्रमा पर्ने नदीजन्य खनिज पदार्थको प्रयोगः**

(१) यस नगरपालिका अन्तर्गतको राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको संकलन तथा प्रशोधनसम्वन्धी कार्य गर्दा वातावरण संरक्षणसम्वन्धी प्रचलित संघीय कानून वमोजिमको प्रक्रिया अवलम्वन गरी नगरपालिकाले निर्धारण गरे वमोजिमको नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको मूल्य र स्थानीय कर भुक्तानी गरे पश्चात् मात्र उत्खनन गर्न पाइनेछ ।

हरिप्रसाद ग्यौपाने
नगर प्रमुख

(२) राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको संकलन तथा प्रशोधन गर्दा नेपाल सरकार र प्रदेश सरकारको प्रचलित मापदण्डहरुका साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम यस नगरपालिकाले तर्जुमा गरेका मापदण्डहरुको समेत पालना गर्नुपर्नेछ ।

(३) राष्ट्रिय वन क्षेत्रमा नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थ वाहेक अन्य खनिज पदार्थको सर्वेक्षण तथा उत्खनन गर्दा खानी तथा खनिज पदार्थ, वन र वातावरण संरक्षणसम्बन्धी प्रचलित संघीय कानून बमोजिम गर्नुपर्नेछ ।

(४) यस नगरपालिकाले राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको विक्री वितरणबाट प्राप्त रकममध्ये कम्तिमा २५ प्रतिशत रकम सम्बन्धित वन उपभोक्ता समूह मार्फत प्रभावित क्षेत्रको वन तथा वातावरण संरक्षणमा खर्च गर्नुपर्नेछ ।

(५) सामुदायिक वन क्षेत्रमा रहेको नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थ उत्खनन् गर्नुपर्ने भएमा उपभोक्ता समूहको वन व्यवस्थापन कार्ययोजनामा व्यवस्था गरी सम्वन्धित उपभोक्ता समूहले त्यस्तो खनिज पदार्थ विक्री गर्न सक्नेछ ।

**११. बन क्षेत्रमा वातावरणीय मापदण्डको पालना:**

(१) वातावरण संरक्षणसम्वन्धी प्रचलित संघीय कानून वमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने भनी निर्धारण भएका प्रस्तावहरु यस नगरपालिकामा रहेको वन क्षेत्रमा कार्यान्वयन गर्नुपूर्व उक्त प्रस्तावहरुका वारेमा वातावरणीय अध्ययन गरी सोसम्वन्धी प्रतिवेदन सम्वन्धित निकायवाट स्वीकृत भएको हुनुपर्नेछ ।

(२) यस नगरपालिकाले वातावरण संरक्षण सम्वन्धी प्रचलित कानून वमोजिम आफैले स्वीकृत गर्न पाउने किसिमका वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्दा संक्षिप्त वातावरणीय अध्ययन कार्यविधिमा उल्लिखित मापदण्डको पालना गर्नुपर्नेछ ।

(३) यस नगरपालिकाको वन क्षेत्रमा कार्यान्वयन गरिने कुनै पनि प्रस्तावहरुका वारेमा वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्दा नगरपालिकाको कार्यपालिका वैठकमा छलफल गरी राय सुझाव र परामर्श लिएको हुनुपर्नेछ ।

(४) वातावरणीय अध्ययन प्रतिवेदन तयारी र स्वीकृतीका क्रममा पालना गर्नुपर्ने सर्वाजनिक सुनुवाई लगायतका अन्य विषयहरु प्रचलित संघीय कानून वमोजिम हुनेछ ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख



Scanned with CamScanner

परिच्छेद -३

## उपभोक्ता समूह सम्बन्धी व्यवस्था

**१२. उपभोक्ता समूहको गठन :**

(१) यस नगरपालिकामा सामुदायिक हितका लागि सामुहिक रुपमा कुनै वन क्षेत्रको संरक्षण र दिगो व्यवस्थापन गरी वन पैदावारको न्यायोचित् उपयोग गर्न, सामाजिक र आर्थिक विकास गर्न एवं वन व्यवस्थापनमा" लैङ्गिक समानाता र सामाजिक समावेशीकण प्रवर्दधन गर्न चाहने त्यस्तो वनको सम्वन्धित उपभोक्ताहरुले यस ऐन र वनसम्वन्धी प्रचलित संघीय कानूनमा निर्धारित प्रक्रिया अवलम्वन गरी यस नगरपालिकासँगको समन्वयमा उपभोक्ता समूह गठन गर्न सक्नेछन् ।

(२) उपभोक्ता समूह गठन गर्दा परम्परागत रुपमा वन उपयोग गर्दै आएका उपभोक्ताहरु सहित सम्वन्धित सबै घरधुरीलाइ सदस्यको रुपमा समावेश गर्नुपर्नेछ र उपभोक्ता समूहको विधानमा यसरी पहिचान गरिएका सबै धरघुरीवाट एक महिला र एक पुरुषको नाम साधारण सदस्यको रुपमा समावेश गर्नुपर्नेछ ।

(३) उपभोक्ता समूहको कार्यसमितिको अवधी बढीमा चार वर्षको हुनेछ र उपभोक्ता समूहको कार्यसमितिमा अध्यक्ष वा सचिवमध्ये एक जना महिला र उपाध्यक्ष तथा कोषाध्यक्षमध्ये एक जना महिला सहित लैङ्गिक समानताका साथै समाजिक रुपमा समावेशीकरण कायम गर्नु पर्नेछ ।

**१३. उपभोक्ता समूहको दर्ता :**

(१) दफा १२ बमोजिम गठित उपभोक्ता समूहको दर्ताका लागि यस नगरपालिकाको वन तथा वातावरण शाखाको सुझाव र वनसम्वन्धी प्रचलित संघीय कानून बमोजिमको ढाँचामा निर्धारित विधानसहित डिभिजन वन कार्यालयमा गर्न' पर्ने छ ।

(२) उपभोक्ता समूहको विधानमा समावेश गर्नुपर्ने विषय र उपभोक्ता समूहलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचाहरु वनसम्वन्धी प्रचलित संघीय कानूनमा उल्लेख भएबमोजिम हुनेछ ।

(३) दफा (१२) र यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि वनसम्वन्धी प्रचलित कानून बमोजिम दर्ता भइसकेका उपभोक्ता समूहहरु पूनः दर्ता हुनु पर्ने छैन ।

**१४. उपभोक्ता समूह संगठित संस्था हुने :**

(१) दफा १३ बमोजिम दर्ता भएको उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, संगठित र सामुदायिक प्रकृतिको समाजिक संस्था हुनेछ ।

(२) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

(३) उपभोक्ता समूहले व्यक्ति सरह आफ्नै अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

**१५. उपभोक्ता समूहको कोष :**

(१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ र उक्त कोषमा देहायका रकमहरु जम्मा गरिनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम,

(ग) वन पैदावारको बिक्री वितरणबाट प्राप्त रकम,

(घ) दण्ड जरिवानाबाट प्राप्त रकम,

(ङ) प्रचलित कानून बमोजिम अन्य कुनै श्रोतबाट प्राप्त रकम।

(२) साधारण सभाबाट स्वीकृत वार्षिक कार्यक्रमका लागि उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ।

(३) उपभोक्ता समूहले कोषको सञ्चालनका लागि यस नगरपालिकाले समय समयमा दिएको राय सुझावहरुलाई समेत मध्यनजर गरी समूहले कोष परिचालन मार्गदर्शन तर्जुमा गर्नुपर्नेछ।

**१६. उपभोक्ता समूहको विवरण र प्रगति प्रतिवेदन पेश गर्नुपर्ने :**

(१) प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले यस नगरपालिका अन्तर्गत पर्ने सबै वन उपभोक्ता समूहको दर्ता विवरण सहितको प्रमाणपत्र, स्वीकृत विधान, वन हस्तान्तरणको प्रमाणपत्र र वन व्यवस्थापन कार्ययोजनाको प्रतिलिपि यस नगरपालिकालाई यो ऐन प्रारम्भ भएको मितिले एक महिना भित्रमा उपलब्ध गराउनु पर्नेछ र यस नगरपालिकाले सोको अद्यावधिक अभिलेख कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम यस नगरपालिकामा अभिलेख अद्यावधिक भएका उपभोक्ता समूहलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(४) (ङ) बमोजिम यस नगरपालिकाले यस ऐन बमोजिम नियमन, सहजीकरण र अनुगमन गर्न सक्नेछ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख



Scanned with CamScanner

(३) उपभोक्ता समूहले विधानमा निर्धारित प्रक्रिया बमोजिम उपभोक्ता समूहले प्रत्येक वर्ष साधारण सभाको आयोजना गरी आफ्नो वार्षिक कार्यक्रम र लेखा परीक्षण प्रतिवेदन पारित गरी सोको विवरण यस नगरपालिकामा उपलब्ध गराउनु पर्नेछ ।

(४) उपभोक्ता समूहले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सामुदायिक वनमा गरिएका क्रियाकलाप, उपलब्धी र वर्तमान अवस्थाको विवरण सहितको वार्षिक प्रतिवेदनको एकप्रति यस नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनको आधारमा यस नगरपालिका कार्यालयले सम्बन्धित उपभोक्ता समूहलाई आवश्यक सुझाव दिन सक्नेछन् ।

(६) यस नगरपालिकाले उपभोक्ता समूहको आवश्यकता र कार्यसम्पादन प्रगतिका आधारमा वनसम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालनका लागि अनुदान तथा सहयोग उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद - ४

## सामुदायिक वन व्यवस्थापन सम्बन्धी व्यवस्था

**१७. सामुदायिक वन हस्तान्तरण :**

(१) यस नगरपालिकामा सामुदायिक वनको रुपमा हस्तान्तरण गर्न बाँकी रहेमा वन क्षेत्रहरु पहिचान गरी सामुदायिक वनको रुपमा हस्तान्तरण गर्न प्राथमिकता दिइनेछ ।

(२) दफा १३ बमोजिम दर्ता भएको उपभोक्ता समूहको चाहना र आवश्यकताको आधारमा सामुदायिक वन व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउने गरी सामुदायिक वनको कार्ययोजना तयार वा संशोधन तथा परिमार्जन गर्नका लागि यस नगरपालिका कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजना तयार वा संशोधन गर्दा उक्त कार्ययोजना नगरपालिकाको वन तथा वातावरण शाखामा पेश गरी प्राप्त सुझाव/परामर्शका आधारमा वन व्यवस्थापन कार्ययोजना तर्जुमा वा आवश्यकता अनुसार संशोधन गर्नुपर्नेछ ।

(४) उपदफा (३) को प्रयोजनका लागि वन व्यवस्थापन कार्ययोजना प्राप्त भएको मितिले बढीमा ७ दिन भित्रमा वन तथा वातावरण शाखाले आवश्यक सुझाव दिनु पर्नेछ ।

(५) उपभोक्ता समूहले दफा (२) र (३) बमोजिम तर्जुमा गरेको कार्ययोजना बमोजिम सामुदायिक वनको विकास, संरक्षण, उपयोग एवं व्यवस्थापन र वन पैदावारको स्वतन्त्र रुपमा मूल्य निर्धारण गरी बिक्री वितरण समेत गर्न पाउने गरी यस नगरपालिकामा रहेको राष्ट्रिय वनको कुनै भाग सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेमा वन व्यवस्थापन कार्ययोजना र यस नगरनगरपालिकाको वन तथा वातावरण शाखाको सुझाव तथा परामर्श सहित डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख



Scanned with CamScanner

(६) उपदफा (५) बमोजिम पेश भएको वन व्यवस्थापन कार्ययोजनो सम्बन्धित वन अधिकृतले अध्ययन पश्चात स्वीकृत गरी उपभोक्ता समूहलाई सामुदायिक वन हस्तान्तरण सम्बन्धी प्रमाणपत्र प्रदान गरी सोको जानकारी यस नगरपालिकालाई गराउनु पर्नेछ ।

(७) सामुदायिक वनको कार्ययोजना प्रत्येक पटक सामान्यतया: दश वर्षका लागि तर्जुमा गर्न सकिने छ र यस नगरपालिकाको वन तथा वातावरण शाखाबाट प्राप्त सुझाव तथा परामर्श बमोजिम आवश्यकता अनुसार समय समयमा संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

(८) उपदफा (७) बमोजिम उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजनामा गरेको संशोधनले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा सम्बन्धित वन अधिकृतले संशोधित कार्ययोजना प्राप्त भएको मितिले तीस दिनभित्र उपभोक्ता समूहलाई त्यस्तो संशोधित कार्ययोजना लागू नगर्न निर्देशन दिई सोको जानकारी यस नगरपालिकामा समेत दिनु पर्नेछ ।

(९) यस दफामा अन्यत्र जनसुकै कुरा लेखिएको भए तापनि वनसम्बन्धी प्रचलित कानून बमोजिम एक पटक हस्तान्तरण भएको वन पूनःहस्तान्तरण गर्नुपर्ने छैन ।

**१८. सामुदायिक वनमा विपन्न वर्गका लागि कबुलियती वन दिन सकिने :**

(१) सामुदायिक वन उपभोक्ता समूहले आफ्नो समूहभित्र पहिचान गरेका गरिबीको रेखामुनी रहेका विपन्न घरधुरीहरुलाई सामूहिक वा एकल रुपमा वन पैदावारमा आधारित आय आर्जनका कार्यक्रम गर्नका लागि आफ्नो सामुदायिक वनको कुनै भाग बढीमा पन्ध्र वर्षका लागि सम्झौता गरी उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कबुलियती वनको रुपमा वन क्षेत्र उपलब्ध गराउने स्वीकृत सम्बन्धी व्यवस्थाहरु स्वीकृत वन व्यवस्थापन कार्ययोजना र उपभोक्ता समूहको कार्यसमिति एवं कबुलियती वन लिन चाहने विपन्न समूह तथा परिवार बीच हुने सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ ।

**१९. वन पैदावारको मूल्य निर्धारण :**

(१) उपभोक्ता समूहले आफ्नो स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम वन व्यवस्थापन गर्दा प्राप्त भएका वन पैदावारको साधारण सभाको निर्णय बमोजिम स्वतन्त्र रुपमा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछन् । तर उपभोक्ता समूहले आफूनो वन पैदावार समूह बाहिर व्यवसायिक प्रयोजनका लागि बिक्री गर्ने भएमा उक्त वन पैदावारको मूल्य निर्धारण गर्दा वनसम्बन्धी प्रचलित संघीय कानूनमा निर्धारित मूल्य दरमा नघट्ने गरी न्यूनतम मूल्य कायम गर्नुपर्नेछ ।

हरिप्रसाद ज्ञवाली
नगर प्रमुख



Scanned with CamScanner

(२) उपभोक्ता समूहले उपदफा (१) बमोजिम निर्धारण गरेको वन पैदावारको मूल्य दरको विवरण यस नगरपालिका र वन सम्बन्धी कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

(३) उपभोक्ता समूहले वन पैदावारको मूल्य निर्धारणका सम्बन्धमा गरेको निर्णय वा वन पैदावारको मूल्यका बारेमा यस नगरपालिकाले उपभोक्ता समूहलाई आवश्यक सुझाव दिन सक्नेछ ।

**२०. सामुदायिक वनको काठ सकलन र विक्री वितरण :**

(१) सामुदायिक वनबाट व्यापारिक प्रयोजनका लागि विक्री वितरण गरिने काठको रुख छपान, कटान, ओसार पसार, श्रमिकहरुको पारिश्रमिक र सुरक्षा, घाटगद्दी, बोलपत्र आव्हान, विक्री, टाचाको प्रयोग र छोडपुर्जी सम्बन्धी प्राविधिक मापदण्डहरु वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुनेछन् ।

(२) उपदफा (१) बमोजिमका कार्यहरु गर्दा यस नगरपालिका वा प्रदेश सरकारको वन सम्बन्धी कार्यालय वा उपभोक्ता समूहको आफ्नै प्राविधिक कर्मचारीको सहयोगका आधारमा उपभोक्ता समूहले स्थानीय परिवेश अनुसार आवश्यक कार्यविधि वा प्रक्रियाहरु अवलम्बन गर्न सक्नेछन् ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख



Scanned with CamScanner

**२१. बन पैदावार बिक्री वितरणको वार्षिक योजना जानकारी गराउने :**

उपभोक्ता समूहले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

**२२. बन पैदावार बिक्री शुल्क:**

दफा २१ बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावरको विक्रि बापत प्राप्त हुने रकम समूहको खातामा जम्मा भएको मितिले १५ दिन भित्र सोको १० प्रतिशत रकम यस नगरपालिकाको संचित कोषमा जम्मा गर्नु पर्नेछ ।

**२३. समुदायिक वनबाट प्राप्त लाभको सदुपयोग :**

(१) सामुदायिक वन उपभोक्ता समूहले वन पैदावार विक्री वितरण गरी प्राप्त गरेको रकम मध्ये दफा २२ बमोजिम कुल प्राप्त रकमको १० प्रतिसत नगरपालिकालाइ बुझाइ बाकी हुन आएको रकमको कम्तिमा पच्चिस प्रतिशत रकम सामुदायिक धनको दिगो व्यवस्थापनमा खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाकी रहेको रकम मध्येबाट कम्तिमा पचास प्रतिशत रकम यस नगरपालिकासंग समन्वय गरी गरिवी न्यूनीकरण, वन उद्यमको विकास र महिलाको आयआर्जन एवं सशक्तीकरणसम्वन्धी कार्यक्रमका लागि खर्च गर्नु पर्नेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि उपभोक्ता समूहले आफ्नो साधारण सभामा पेश गर्नका लागि तर्जुमा गरेका वार्षिक कार्यक्रमको विवरण साधारण सभा हुनुभन्दा कम्तिमा ७ दिन अगाडी यस नगरपालिकामा उपलब्ध गराउनु पर्नेछ र यस नगरपालिकाले उक्त कार्यक्रममा कुनै सुधार गर्नुपर्ने देखेमा सम्वन्धित वडा कार्यालय मार्फत उपभोक्ता समूहको वार्षिक कार्यक्रममा सुधारका लागि सुझाव दिन सक्नेछ ।

(४) उपभोक्ता समूह र यस नगरपालिकाले संयुक्त रुपमा सामुदायिक वन व्यवस्थापन, वन उद्यम विकास र महिला सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने गरी योजना बनाउन सकिनेछ ।

(५) स्थानीय समुदायमा गर्नुपर्ने सामुदायिक विकासका कार्यहरु गर्दा उपभोक्ता समूह र यस नगरपालिका बीच सहकार्य गरी सामुदायिक विकासका कार्यहरु गर्न सकिनेछ ।

(६) उपदफा (२) बमोजिम खर्चगरी बाकी रहेको रकम सामुदायिक विकासका कार्यक्रम, उपभोक्ता समूहको हित हुने अन्य कार्य र उपभोक्ता समूहको प्रशासनिक कामभा खर्च गर्न सकिने छ । तर प्रशासनिक कार्यका लागि उपभोक्ता समूहको वार्षिक आम्दानीको बढीमा २५% रकम मात्र खर्च गर्न सकिनेछ र सो भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्नुपर्ने भएमा उपभोक्ता समूहको साधारण सभाबाट सहमति लिनु पर्नेछ ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

**२१. बन पैदावार बिक्री वितरणको वार्षिक योजना जानकारी गराउने**

उपभोक्ता समूहले वन पैदावार विक्री तथा उपयोग सम्वन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकावाट स्वीकृत गराउनु पर्नेछ ।

**२२. बन पैदावार बिक्री शुल्क:**

दफा २१ वमोजिम सामुदायिक बन उपभोक्ता समितिले वन पैदावरको विक्रि वाफत प्राप्त हुने रकम समूहको खातामा जम्मा भएको मितिले १५ दिन भित्र सोको १० प्रतिसत रकम यस नगरपालिकाको संचित कोषमा जम्मा गर्नु पर्नेछ ।

**२३. समुदायिक वनबाट प्राप्त लाभको सदुपयोग :**

(१) सामुदायिक वन उपभोक्ता समूहले वन पैदावार विक्री वितरण गरी प्राप्त गरेको रकम मध्ये दफा २२ वमोजिम कुल प्राप्त रकमको १० प्रतिसत नगरपालिकालाई वुझाई वाँकी हुन आएको रकमको कम्तिमा पच्चिस प्रतिशत रकम सामुदायिक वनको दिगो व्यवस्थापनमा खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम खर्च गरी वाँकी रहेको रकम मध्येवाट कम्तिमा पचास प्रतिशत रकम यस नगरपालिकासँग समन्वय गरी गरिवी न्यूनीकरण, वन उद्यमको विकास र महिलाको आयआर्जन एवं सशक्तीकरणसम्वन्धी कार्यक्रमका लागि खर्च गर्नु पर्नेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि उपभोक्ता समूहले आफ्नो साधारण सभामा पेश गर्नका लागि तर्जुमा गरेको वार्षिक कार्यक्रमको विवरण साधारण सभा हुनुभन्दा कम्तिमा ७ दिन अगाडी यस नगरपालिकामा उपलव्ध गराउनु पर्नेछ र यस नगरपालिकाले उक्त कार्यक्रममा कुनै सुधार गर्नुपर्ने देखेमा सम्वन्धित वडा कार्यालय मार्फत उपभोक्ता समूहको वार्षिक कार्यक्रममा सुधारका लागि सुझाव दिन सक्नेछ ।

(४) उपभोक्ता समूह र यस नगरपालिकाले संयुक्त रुपमा सामुदायिक वन व्यवस्थापन, वन उद्यम विकास र महिला सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने गरी योजना वनाउन सकिनेछ ।

(५) स्थानीय समुदायमा गर्नुपर्ने सामुदायिक विकासका कार्यहरु गर्दा उपभोक्ता समूह र यस नगरपालिका वीच सहकार्य गरी सामुदायिक विकासका कार्यहरु गर्न सकिनेछ ।

(६) उपदफा (२) वमोजिम खर्चगरी वाँकी रहेको रकम सामुदायिक विकासका कार्यक्रम, उपभोक्ता समूहको हित हुने अन्य कार्य र उपभोक्ता समूहको प्रशासनिक कार्यमा खर्च गर्न सकिने छ । तर प्रशासनिक कार्यका लागि उपभोक्ता समूहको वार्षिक आम्दानीको वढीमा २५% रकम मात्र खर्च गर्न सकिनेछ र सो भन्दा वढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्नुपर्ने भएमा उपभोक्ता समूहको साधारण सभावाट सहमति लिनु पर्नेछ ।



हरिप्रसाद क्योपाजे
नगर प्रमुख

Scanned with CamScanner

२४. वन व्यवस्थापन कार्ययोजना बिपरित काम गर्नेलाई हुने सजायः

(१) सामुदायिक वनमा कुनै उपभोक्ताले कार्ययोजना विपरीत हुने कुनै काम गरेमा निजलाई सम्वन्धित उपभोक्ता समूहले जरिवाना गर्न सक्नेछ र त्यस्तो कामबाट कुनै हानि नोक्सानी भएकोमा विगो वरावरको रकम क्षतिपूर्तिको रुपमा असुल उपर गर्न सक्नेछ।

(२) सामुदायिक वनको कार्ययोजना विपरितको कार्य गर्ने व्यक्तिलाई उपभोक्ता समूह आफैले कारवाही गर्न नसकेमा निजलाई कारवाही गर्नका लागि उपभोक्ता समूहले नगरपालिकामा रहेको न्यायिक समिति वा प्रदेश सरकारको वन सम्वन्धी कार्यालय समक्ष निवेदन गर्न सक्नेछ।

(३) उपभोक्ता समूहका सदस्य भन्दा वाहिरको कुनै व्यक्तिले सामुदायिक वनमा हानी नोक्सानी गरेमा निजलाई राष्ट्रिय वनमा गरेको कसुर वमोजिमको सजाय गर्नका लागि उपभोक्ता समूहले प्रदेश सरकारको वन सम्वन्धी कार्यालय समक्ष निवेदन गर्न सक्नेछ र निजलाई वनसम्वन्धी प्रचलित संघीय कानून वमोजिमको सजाय हुनेछ।

(४) उपदफा (२) र (३) वमोजिम न्यायिक समिति र प्रदेश सरकारको वन सम्वन्धी कार्यालय समक्ष निवेदन परेमा कसुरको प्रकृति अनुसार न्यायिक समिति र प्रदेश सरकारको वन सम्वन्धी कार्यालयले आ-आफ्नो क्षेत्राधिकार भित्र पर्ने विषयमा छानविन गरी प्रचलित कानून वमोजिमको जरिवाना वा दण्ड सजाय गर्न सक्नेछ।

२५. सामुदायिक वनको विवाद व्यवस्थापनः

(१) सामुदायिक वनका विषयमा सिर्जना हुने विवाद समाधानका लागि यस नगरपालिकाले सहजीकण गर्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि यस नगरपालिकाको समन्वयमा यस नगरपालिका सहित, प्रदेश सरकारको वन सम्वन्धी कार्यालय, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल र सरोकारवालाको प्रतिनिधित्व हुनेगरी विवाद समाधान संयन्त्र स्थापना गर्न सकिनेछ।

## परिच्छेद - ५

## कबुलियती वन, धार्मिक तथा सांस्कृतिक वनसम्बन्धी व्यवस्था

२६. कबुलियती बन हस्तान्तरण गर्न सक्ने :

(१) यस नगरपालिकाको विभिन्न वडा कार्यालयले गरिवीको रेखामुनिका परिवार भनी पहिचान गरेका परिवारहरुको समूहलाई गरिवी न्यूनीकरणका लागि कवुलियती वन हस्तान्तरण गर्न प्रदेश सरकारको वन सम्वन्धी कार्यालय समक्ष सिफारिस गर्न सक्नेछन्।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख



Scanned with CamScanner

(२) उपदफा (१) वमोजिमको सिफारिसका आधारमा प्रदेश सरकारको वन सम्वन्धी कार्यालयले गरिवीको रेखामुनीका परिवारको कवुलिती वन उपभोक्ता समूह गठन गर्न र कवुलियती वनको कार्ययोजना वनाइं वनको संरक्षण र विकास हुने गरी आय आर्जन हुने कार्यक्रम सञ्चालनका लागि उक्त समूहलाइं कवुलियती वनको रुपमा वनक्षेत्र उपलव्ध गराउन सक्नेछ ।

(३) प्रदेश सरकारको वन सम्वन्धी कार्यालयले उपदफा (२) वमोजिमको कवुलियती वनको विवरण यस नगरपालिकामा उपलव्ध गराउनु पर्नेछ र सोही आधारमा यस नगरपालिकाले कवुलियती वन उपभोक्ता समूहलाइं आवश्यक सहयोग उपलव्ध गराउन सक्नेछ ।

(४) कवुलिती वन उपभोक्ता समूहसम्वन्धी अन्य व्यवस्था वनसम्वन्धी प्रचलित संघीय तथा प्रदेश कानून र स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम हुनेछ ।

**२७. धार्मिक तथा सांस्कृतिक महत्वका वनहरुको संरक्षणः**

(१) यस नगरपालिकामा धार्मिक तथा सांस्कृतिक महत्वका वनहरु रहेमा सोको संरक्षण र सदुपयोगका लागि धार्मिक तथा सांस्कृतिक वन उपभोक्ता समूह गठन गर्न सकिनेछ ।

(२) धार्मिक तथा सांस्कृतिक वन उपभोक्ता समूह गठन र दर्ता गर्दा दफा १३ र १४ वमोजिमको प्रक्रिया अवलम्वन गर्नु पर्नेछ ।

(३) सम्वन्धित धार्मिक तथा सांस्कृतिक समुदायले आफ्नो धर्म संस्कृतिसंग सम्वन्धित वंन संरक्षण गर्न चाहेमा त्यस्तो वन सोही धार्मिक तथा सांस्कृतिक समूह वा समुदायलाई हस्तान्तरण गर्नुपर्नेछ ।

(४) धार्मिक तथा सांस्कृतिक वनको व्यवस्थापन कार्ययोजना तर्जुमाका लागि यस नगरपालिकाको सम्वन्धित वडा कार्यालयसंगको समन्वयमा प्रदेश सरकारको वन सम्वन्धी कार्यालयले प्राविधिक र अन्य आवश्यक सहयोग उपलव्ध गराउनु पर्नेछ ।

(५) धार्मिक वनमा विकास आयोजना सञ्चालन गर्दा काटिएका रुखहरु यस नगरपालिकामा कार्यपालिकाको समन्वय र सहमतिमा सम्वन्धित धार्मिक तथा सांस्कृतिक समूहले विक्री वितरण गर्न सक्नेछ ।

हरिप्रसाद ज्ञवाली
नगर प्रमुख



Scanned with CamScanner

## परिच्छेद - ६

## वनमा आधारित उद्यम बिकास, पर्यापर्यटन र वातावरणीय सेवासम्बन्धी व्यवस्था

**२८. बन उद्यमको बिकास गर्न सक्ने:**

(१) यस नगरपालिकामा रहेका वन उपभोक्ता समूहले उद्योग र वातावरणसम्वन्धी प्रचलित कानून वमोजिमका मापदण्डहरुको पालना गरी वन पैदावारमा आधारित वन उद्यमको स्थापना र विकास गर्न सक्नेछन् ।

(२) यस नगरपालिकामा रहेका विभिन्न: वन पैदावारमा आधारित उद्योगहरुले सामुदायिक वन, निजी वन र अन्य विभिन्न किसिमका वनवाट प्रचलित कानूनको परिपालना गरी कच्चा पदार्थ प्राप्त गर्न सक्नेछन् ।

(३) सार्वजनिक-निजी-सामुदायिक साझेदारीमा पनि वन उद्यम स्थापना र सञ्चालन गर्न सकिने छ र यसका लागि यस ऐन र वनसम्वन्धी प्रचलित संघीय कानून विपरित नहुने गरी उपभोक्ता समूहले यस नगरपालिका, विभिन्न संघ संस्था वा निजी क्षेत्रसँग सम्झौता गर्न सक्नेछन् ।

(४) उपभोक्ता समूहले अन्य पक्षसंग साझेदारी गरी वन उद्यम सञ्चालन गर्दा उपभोक्ता समूहहरुको कम्तिमा एकाउन्न प्रतिशत शेयर तथा लगानी भएको हुनु पर्नेछ ।

(५) सामुदायिक वन उपभोक्ता समूहले वन उच्चतमका लागि वन पैदावारमा आधारित सहकारी संस्था स्थापना गर्न चाहेमा यस नगरपालिकाले आवश्यक सहयोग उपलब्ध समेत गराउन सक्नेछ ।

**द्रष्टब्य:** यस दफाको प्रयोजनाका लागि वन उद्यम वन्नाले लघु उद्यम, घरेलु उद्योग र वन सहरकारी संस्थालाई जनाउनेछ ।

**२९. पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्ने:**

(१) उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजनामा आवश्यक व्यवस्था गरी आपू:नो वनमा आधारित पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(२) वन क्षेत्रमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा वन व्यवस्थापन कार्ययोजनामा निर्दिष्ट गरिएको क्षेत्रभन्दा वढी वन क्षेत्र प्रयोग गर्न पाइने छैन ।

(३) वन उपभोक्ता समूहको पर्यापर्यटन योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि यस नगरपालिका र प्रदेश सरकारको वन सम्वन्धी कार्यालयले आवश्यक प्राविधिक, आर्थिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) वनमा आधारित पर्यापर्यटनका लागि उपभोक्ता समूहले यस नगरपालिका वा विभिन्न संघ संस्था वा निजी क्षेत्रसंग सहकार्य गर्न सक्नेछ र उपभोक्ता समूहले यसरी अन्य पक्षसँग

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

साझेदारी गरी पर्यापर्यटन कार्य सञ्चालन गर्दा उपभोक्ता समूहहरुको कम्तिमा एकाउन्न प्रतिशत शेयर तथा लगानी भएको हुनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम सहकार्य गर्दा यस ऐन र वनसम्बन्धी प्रचलित संघीय कानून विपरित नहुने गरी आपसी सम्झौता गरी पर्यपर्यटन कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(६) सामुदायिक वन उपभोक्ता समूहले सञ्चालन गरेको कुनै पर्यापर्यटन क्षेत्रमा स्वदेशी वा विदेशी व्यक्ति र यातायातका साधन प्रवेश गर्दा साधारण सभाको निर्णय बमोजिमको प्रवेश शुल्क संकलन गर्न सक्नेछ । तर उपभोक्ता समूहका सदस्यहरुसँग यस्तो प्रवेश शुल्क लिन पाइने छैन ।

(७) सामुदायिक वनमा सञ्चालित पर्यापर्यटन कार्यक्रमबाट प्राप्त आम्दानीमध्ये कम्तीमा पच्चिस प्रतिशत रकम पर्यापर्यटन प्रवर्द्धन र कम्तिमा पचास प्रतिशत रकम महिला र विपन्न वर्गका लागि आय आर्जनका क्रियाकलापहरु सञ्चालन गर्न अनुदानको रुपमा उपलब्ध गराउनु पर्नेछ ।

**३०. सामुदायिक चिडियाखाना, वन्यजन्तु उद्दार केन्द्र र वन्यजन्तु पालन तथा प्रजनन्:**

(१) सामुदायिक वन उपभोक्ता समूहले आफै वा अन्य विभिन्न पक्षसँगको सहकार्यमा सामुदायिक चिडियाखाना, वन्यजन्तु उद्दार केन्द्र र वन्यजन्तु पालन तथा प्रजनन्सम्वन्धी योजना तर्जुमा गरी सामुदायिक चिडियाखाना वा वन्यजन्तु उद्दार केन्द्र स्थापना तथा सञ्चालन र वन्यजन्तु पालन तथा प्रजनन् सम्वन्धी कार्यहरु गर्न सक्नेछन् ।

(२) वन्यजन्तु पालन तथा प्रजनन् पश्चात गरिने विक्री वितरणका लागि प्रदान गरिने इजाजत सम्वन्धी मापदण्डहरु प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

(३) सामुदायिक चिडियाखाना वा वन्यजन्तु उद्दार केन्द्र र वन्यजन्तु पालन तथा प्रजनन्सम्वन्धी योजना तर्जुमा र कार्यान्वयन गर्न चाहने उपभोक्ता समूहलाई यस नगरपालिका र प्रदेश सरकारको वन सम्वन्धी कार्यालयले आवश्यक प्राविधिक र अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

**३१. सामुदायिक घरबास (होम स्टे):**

(१) पर्यापर्यटन प्रवर्द्धन गर्नेगरी होम स्टे सञ्चालन गर्न चाहने उपभोक्ता समूह वा स्थानीय समुदायले यस नगरपालिकामा सामुदायिक होम स्टे दर्ता गरी सञ्चालन गर्न सक्नेछन् ।

(२) सामुदायिक होम स्टे सञ्चालनसम्वन्धी कार्यविधिहरुको पालना गरी सञ्चालित सामुदायिक होम स्टेलाई स्वीकृत योजना अनुसार यस नगरपालिकाबाट आवश्यक अनुदान उपलब्ध गराउन सकिनेछ ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख



Scanned with CamScanner

**३२. जलाधार संरक्षण :**

(१) यस नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका जलाधारहरुको पहिचान गरी नक्शासहितको विवरण राख्नु पर्नेछ ।

(२) यस नगरपालिकामा रहेका जलाधारहरुको सामुदायिक वन उपभोक्ता समूहका माध्यमवाट संरक्षणसम्वन्धी कार्यहरु गरिने छ ।

(३) जलाधार क्षेत्रको संरक्षण गर्ने उपभोक्ता समूहलाई योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि यस नगरपालिका र प्रदेश सरकारको वन सम्वन्धी कार्यालयले आवश्यक प्राविधिक तथा आर्थिक र अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) जलाधार क्षेत्रको संरक्षणका माध्यमवाट जलस्रोत लगायतको संरक्षणमा उपभोक्ता समूहले पुर्‍याएको योगदान वापत जलस्रोत लगायतका स्रोत उपभोग गर्ने विभिन्न निकाय, संघ संस्था, उद्योग लगांयतका पक्षहरुले जलाधार क्षेत्र संरक्षण गर्ने उपभोक्ता समूहलाई विभिन्न अनुदान तथा अन्य उत्प्रेरणाका स्रोतहरु उपलब्ध गराउन सक्नेछन् ।

(५) उपदफा (४) को प्रयोजनका लागि जलाधार संरक्षण गर्ने उपभोक्ता समूह र जलाधार संरक्षणवाट फाईदा पाउने पक्षका वीच आवश्यक सम्झौता गर्न सकिनेछ ।

**३३. जैविक मार्गको व्यवस्थापन:**

(१) यस नगरपालिकामा वन्यजन्तु र चाराचुरुङ्गीहरुको आवत जावत गर्ने जैविक मार्गको रुपमा रहेका वन क्षेत्रहरुको संरक्षण, व्यवस्थापन र सदुपयोग सामुदायिक वनका माध्यमवाट गरिनेछ ।

(२) जैविक मार्गका सामुदायिक वन र वन्यजन्तुको संरक्षणका लागि उपभोक्ता समूहलाई यस नगरपालिका र प्रदेश सरकारको वन सम्वन्धी कार्यालयले प्राविधिक तथा आर्थिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) जैविक मार्गमा पर्ने वन क्षेत्रमा आश्रित समुदायलाई जैविक मार्गको वन पैदावार उपयोग गर्नवाट वञ्चित गरिने छैन ।

(४) जैविक मार्गमा वन्यजन्तुको प्रभाववाट सुरक्षित रहनका लागि उपभोक्ता समूहहरु र यस नगरपालिकाले सचेतना अभिवृद्धि र सुरक्षात्मक उपायहरु अवलम्वन गर्न एवम् गराउन सक्नेछ ।

**३४. मानव-बन्यजन्तु द्वन्द्व व्यवस्थापन र राहत बितरण:**

(१) यस नगरपालिका र प्रदेश सरकरको वनसम्वन्धी कार्यालयका साथै सम्वन्धित वन उपभोक्ता समूहले वन्यजन्तुवाट हुने जनधनको क्षति कम हुने कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ ।

हरिप्रसाद ज्ञवाली
नगर प्रमुख



Scanned with CamScanner

(२) वन्यजन्तुवाट कसैको धनजनको क्षति भएमा [stamp] क्षति वापत पिडितलाई नेपाल सरकार र प्रदेश सरकारले उपलब्ध गराउने राहतका अतिरिक्त यस नगरपालिका र वन उपभोक्ता समूहले थप राहत प्रदान गर्न सक्नेछ ।

(३) यस नगरपालिकाले वन्यजन्तुवाट प्रभावित व्यक्ति तथा परिवारलाई राहत प्रदान गर्न र मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका कार्यक्रमहरु सञ्चालनका लागि एक कोषको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(४) मानव वन्यजन्तु द्वन्द्ववाट प्रभावित व्यक्तिहरुको जीउधनको सुरक्षाका लागि जीवन बीमा तथा निर्जीवन बीमा गर्नका लागि यस नगरपालिका र प्रदेश सरकारको वनसम्वन्धी कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(५) वन्यजन्तुलाई वन क्षेत्रमा नै वसोवास गर्ने अवस्था सिर्जना गर्नका लागि सामुदायिक वन लगायतका जैविक मार्गमा पानी पोखरी निर्माण, जंगली फलफूलका विरुवा संरक्षण, घाँसे क्षेत्रहरुको संरक्षण जस्ता कार्यहरु गर्नुपर्नेछ ।

(६) नेपाल सरकारले कृषि तथा घरपालुवा जनावारका लागि हानिकारक वन्यजन्तु भनी घोषणा गरेका वन्यजन्तुहरु घर गोठ तथा खेतवारीमा आई जनधनको क्षति गर्ने अवस्था देखिएमा त्यस्ता वन्यजन्तुहरुलाई धपाउन पाइनेछ ।

**३५. सिमसार क्षेत्रको संरक्षण र व्यबस्थापन :**

(१) यस नगरपालिकाको वन क्षेत्रमा रहेका सिमसारको संरक्षण र सदुपयोग सामुदायिक वन उपभोक्ता समूहका माध्यमवाट गरिने छ ।

(२) वन क्षेत्र भन्दा वाहिर रहेका सिमसारहरुको संरक्षण र सदुपयोगका लागि सिमसार उपभोक्ता समूह वा जल उपभोक्ता संस्था गठन गर्न सकिनेछ ।

(३) सिमसार उपभोक्ता समूह गठन र दर्ता गर्दा सामुदायिक वन उपभोक्ता समूह गठन र दर्ता गर्ने प्रक्रिया अवलम्वन गर्न सकिनेछ ।

(४) सिमसार व्यवस्थापन योजना तर्जुमाका लागि यस नगरपालिकाको कार्यपालिकामा छलफल गरी प्रदेश सरकारको वन सम्वन्धी कार्यालयले प्राविधिक, आर्थिक र अन्य आवश्यक सहयोग उपलव्ध गराउनु पर्नेछ ।

(५) उपभोक्ता समूहले व्यवस्थापन गर्दै आएका सिमसार क्षेत्रका माछा लगायतका जलचरहरुको संरक्षण र विक्री वितरण कार्यका लागि उपभोक्ता समूह आफैले नै आवश्यक व्यवस्था गर्न सक्नेछ ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख



Scanned with CamScanner

**३६. सार्वजनिक जग्गामा वन विकास सम्वन्धी व्यवस्था:**

(१) यस नगरपालिकाले वनसम्वन्धी प्रचलित संघीय कानून वमोजिमको प्रक्रिया अवलम्वन गरी आफ्नो क्षेत्रभित्र पहिचान भएका सार्वजनिक जग्गामा करार सम्झौता वमोजिमका शर्तको आधारमा कुनै व्यक्ति, संघ संस्था वा सामुदायिक वन उपभोक्ता समूहको माध्यमवाट वनको विकास, संरक्षण, व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) वमोजिमको कामका लागि यस नगरपालिका र प्रदेश सरकारको वनसम्वन्धी कार्यालयले उपभोक्ता समूहलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ।

(३) नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ दाउरा जराजुरी दहत्तर वहत्तर आदिको विक्रि गर्न सक्नेछ।

(४) सडक र वाटो किनारमा लगाइएको तथा वाटोमा छहारी पर्ने रुखहरु र चौतारा वा यस्तै प्रकृतिका अन्य ठाउँमा लगाइएका रुखहरुले मानवीय जोखिम सिर्जना गर्ने भएमा वा अन्य कुनै कारणले काट्न वा हटाउन पर्ने भएमा यस नगरपालिकाले सडक र वनसम्वन्धी प्रचलित संघीय कानून वमोजिमको प्रक्रिया पूरा गरी त्यस्ता रुखहरु काट्न वा हटाउन सक्नेछ।

(५) उपदफा (३) र (४) वमोजिमका काठ विक्री वितरणवाट प्राप्त रकम यस नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

**३७. सहरी वनको विकास र व्यवस्थापन :**

(१) यस नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सहरी क्षेत्र तथा वस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा सामुदायिक वन उपभोक्ता समूहसँगको सहकार्यमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) वमोजिम स्थापना हुने सहरी वनको विकासको लागि यस नगरपालिका र प्रदेश सरकारको वनसम्वन्धी कार्यालयले आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) वमोजिम स्थापना हुने सहरी वनको वन पैदावार यस नगरपालिकासँगको समन्वयमा सम्वन्धित उपभोक्ता समूहले विभिन्न प्रयोजनका लागि प्रयोग गर्न सक्नेछ।

(४) सहरी वनको व्यवस्थापनवाट प्राप्त लाभको वाँडफाँडका वारेमा यस नगरपालिका र उपभोक्ता समूहका वीचमा कुनै सम्झौता वा सहमती गरिएमा सोही वमोजिम लाभको वाँडफाँड गर्नुपर्नेछ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

**३८. उद्यान घोषणा गर्न सक्ने :**

(१) यस नगरपालिकाले सम्वन्धित वन उपभोक्ता समूहसंगको समन्वयमा वन क्षेत्रको कुनै उपयुक्त भागलाई वन उद्यान तथा प्राणी:उद्यान घोषणा गरी वन उपभोक्ता समूह मार्फत उद्यान निर्माण र सञ्चालन गर्न सक्नेछ ।

(२) सामुदायिक वन क्षेत्रमा स्थापना र सञ्चालन गरिने वन उद्यान तथा प्राणी उद्यान सम्वन्धित उपभोक्ता समूह मार्फत सञ्चालन गर्नुपर्नेछ ।

**३९. वातावरणीय सेवाको व्यवस्थापन:**

(१) वन क्षेत्रवाट हुने कार्वन सञ्चिति तथा उत्सर्जन न्यूनीकरण वाहेकका जलस्रोत सरक्षण, जैविक विविधता सरक्षण र पर्यापर्यटनको विकास लगायतका वातावरणीय सेवाको व्यवस्थापन गर्न चाहने वन उपभोक्ता समूह लगायतका स्थानीय समुदायले आफ्नो वन व्यवस्थापन योजना वा विशेष कार्ययोजनामा व्यवस्था गरी वातावरणीय सेवाको व्यवस्थापन र सदुपयोग गर्न सक्नेछन् ।

(२) वातावरणीय सेवाको व्यवस्थापन गरी उक्त सेवा विक्री गर्न चाहने उपभोक्ता समूह वा स्थानीय समुदाय र वातावरणीय सेवा उपयोग गर्न चाहने पक्षका वीचमा सम्झौता गरी वातावरणीय सेवाको खरिद विक्री गर्न सकिने छ ।

(३) वातावरणीय सेवाको आदान प्रदान तथा खरिद विक्रीवाट प्राप्त लाभको बाँडफाँडँ र सदुपयोगसम्वन्धी विषयहरु वातावरणीय सेवाको व्यवस्थापन योजना र आपसी सम्झौतामा उल्लेख गरिए वमोजिम हुनेछ ।

**४०. जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन योजना:**

(१) यस नगरपालिकामा जलवायु परिवर्तनका कारण परेको प्रभाव न्यूनीकरणका लागि स्थानीय स्तरका जलवायु अनुकूलन योजना तर्जुमा गरी उपभोक्ता समूह वा प्रभावित स्थानीय समुदाय मार्फत उक्त योजनाहरुको कार्यान्वयन गर्न सकिनेछ ।

(२) उपभोक्ता समूहले समुदायमा आधारित जलवायु अनुकूलन योजना तर्जुमा गर्न चाहेमा त्यस्ता योजना तर्जुमा र सोको कार्यान्वयनका लागि यस नगरपालिकाले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ र यस कार्यका लागि प्रदेश सरकारको वन सम्वन्धी कार्यालयले पनि सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) जलवायु परिवर्तन न्यूनीकरणका लागि यस नगरपालिकामा जलवायुमैत्री संरचनाको निर्माण, यातायातका साधनहरुवाट हुने उत्सर्जन न्यूनीकरण र वन क्षेत्रको विकासका माध्यमवाट कार्वन उत्सर्जन न्यूनीकरणका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख



Scanned with CamScanner

(४) आगलागी लगायतका कार्यहरुबाट हुने वन विनास तथा वन क्षयीकरण नियन्त्रण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान गर्ने वन उपभोक्ता समूहलाई सो वापत प्राप्त हुने लाभ उपलब्ध गराउन वा पुरस्कृत गर्नका लागि यस नगरपालिका र प्रदेश सरकारको वन सम्वन्धी कार्यालयले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेछ ।

**४१. वन डढेलो नियन्त्रण :**

(१) कुनै वनमा वन डढेलो लागेमा यस नगरपालिका, प्रदेश सरकारको वन सम्वन्धी कार्यालय, सुरक्षा निकाय, सम्वन्धित वन उपभोक्ता समूह र निजी जग्गावालाहरु समेतको पहलमा वन डढेलो नियन्त्रण गर्नु पर्नेछ ।

(२) यस नगरपालिकाले वन डढेलो नियन्त्रणका लागि वन उपभोक्ता समूह मार्फत सचेतना र क्षमता अभिवृद्धि तथा डढेलो नियन्त्रणको प्रविधि तथा सूचना संयन्त्र विकास गर्ने र समन्वयका लागि आवश्यक कार्यहरु गर्नु पर्नेछ ।

(३) वन डढेलो नियन्त्रणमा खटिदा कुनै व्यक्तिलाई क्षति हुन गएमा सोको मूल्यांकन गरी यस नगरपालिका र सम्वन्धित उपभोक्ता समूहले राहत तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(४) वन डढेलोका कारण वा वन डढेलो नियन्त्रण गर्न जाँदा कुनै व्याक्ति घाइते वा मृत्य भएमा त्यस्ता व्यक्तिले वीमा रकम पाउने गरी यस नगरपालिका र यसको क्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समूहहरुको सहकार्यमा सामुहिक वीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ र यस कार्यमा सामुदायिक वन उपभोक्ता महासंघ, नेपालले समन्वय र सहजीकरण गर्न सक्नेछ ।

(५) कसैले वन क्षेत्रमा आगो लगाएमा वा आगो लाग्न सक्छ भन्ने कुरा थाहा हुँदा हुँदै लापरवाही गरी वनमा आगो लगाएमा वनसम्वन्धी प्रचलित संघीय कानून वमोजिम कारवाही र दण्ड सजांय हुनेछ ।

**४२. स्थानीय बातावरण संरक्षण योजना :**

(१) यस नगरपालिकाले वातावरण संरक्षण योजना तर्जुमा र कार्यान्वन गर्दा सामुदायिक वन उपभोक्ता समूहसंग समन्वय र सहकार्य गर्नु पर्नेछ ।

(२) यस नगरपालिकामा रहेको वन क्षेत्र, नदी, खोलानाला, सार्वजनिक जग्गा र अन्य प्राकृतिक तथा सांस्कृतिक सम्पदा रहेका क्षेत्रहरुमा फोहरमैला विसर्जन गर्न गराउन पाइने छैन ।

(३) यस नगरपालिकामा वातावरण संरक्षणका कार्यहरु गर्दा सामुदायिक वनका माध्यमबाट गर्नु पर्नेछ ।

हरिप्रसाद ज्ञवाली
नगर प्रमुख



Scanned with CamScanner

देवचुली नगरपालिका नगर कार्यपालिकाको कार्यालय पर्सीनगर, नवलपरासी (ब.सु.पू.) गण्डकी प्रदेश, नेपाल

४३. वृक्षारोपण कार्यक्रम सञ्चालन :

(१) यस नगरपालिकाले प्रत्येक वडामा उपभोक्ता समूह वा वन सहकारी संस्था वा वन उद्यमको माध्यमवाट कम्तिमा एउटा नर्सरी स्थापना गर्नका लागि आवश्यक व्यवस्था गरी सोको लागि अनुदान उपलव्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम स्थापना गरिने नर्सरीमा रोजगारी प्रदान गर्दा सम्वन्धित क्षेत्रमा रहेका विपन्न परिवारलाई प्राथमिकता दिनु पर्नेछ ।

(३) उपदफा (१) वमोजिम स्थापित नर्सरीमा किसान, निजी वन तथा वन उपभोक्ता समूहको माग अनुसारका रैथाने र पारिस्थितिकीय प्रलाणीमैत्री व्यावसायिक विरुववाहरुको उत्पादन र विक्री वितरण गर्न प्राथमिकता दिनु पर्नेछ ।

(४) वन उपभोक्ता समूह, किसान तथा निजी वनवालाहरुलाई निःशुल्क वा न्यूनतम् शुल्कमा विरुवा उपलव्ध गराई वन क्षेत्र, नदी किनार, नदी उकास क्षेत्र, नहर किनार, सडक किनार, सार्वजनिक जग्गा, खाली जग्गा, पाखो जग्गा, वन विनास भएको क्षेत्र र निजी जग्गामा वृक्षारोपणका लागि यस नगरपालिका र प्रदेश सरकारको वन सम्वन्धी कार्यालयवाट अनुदान उपलव्ध गराउन आवश्यक रकम विनियोजन गर्नुपर्नेछ ।

(५) यस नगरपालिकामा फैलिएका मिचाहा प्रजाती नियन्त्रण गरी वा हटाई उक्त क्षेत्रमा वृक्षारोपण गर्न चाहने वन उपभोक्ता समूह वा निजी जग्गावालालाई यस नगरपालिकाले प्राविधिक तथा आर्थिक सहयोग उपलव्ध गराउन सक्नेछ ।

४४. जडीबुटी खेति तथा गैरकांष्ठ वन पैदावार प्रवर्द्धन :

(१) यस नगरपालिका र प्रदेश सरकारको वन सम्वन्धी कार्यालयले सामुदायिक वन लगायतका वन क्षेत्र र निजी जग्गामा सुगन्धित वनस्पति, औषधीजन्य जडीवुटी तथा अन्य जडीवुटी खेति र गैरकाष्ठ वन पैदावारको पहिचान र प्रवर्द्धनका लागि प्राविधिक, आर्थिक र अन्य आवश्यक सहयोग उपलव्ध गराउन सक्नेछ ।

(२) यस नगरपालिकाको क्षेत्रमा उत्पादित जडीवुटी तथा गैरकाष्ठ वन पैदावारको भण्डार, प्रशोधन र वजारीकरणका लागि आवश्यक पूर्वाधारको विकास गर्ने कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

४५. कृषि वन प्रवर्द्धन :

(१) यस नगरपालिकामा रहेका सामुदायिक वन लगायतका वन क्षेत्र, सार्वजनिक जग्गा र निजी वन तथा निजी जग्गाहरुमा कृषि वन लगाउन चाहनेलाई यस नगरपालिकाले आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गराउन सक्नेछ ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख



Scanned with CamScanner

(२) सामुदायिक वनमा कृषि वन कार्यक्रम सञ्चालन गर्दा वन क्षेत्रको जैविक विविधता संरक्षण हुने गरी र एउटै बिरुवाले लामो समय उत्पादन दिने प्रकृतिका वनजन्य तथा कृषिजन्य पैदावारहरू लगाउन प्राथमिकता दिनु पर्नेछ ।

(३) गरिबीको रेखामुनी रहेका परिवारलाई उपलब्ध गराइएको सामुदायिक वनको क्षेत्रमा कृषि वनका कार्यहरु गर्दा वर्षमा एक पटक मात्र खनजोत गर्नुपर्ने प्रकृतिका कृषिजन्य पैदावारहरु लगाउन सकिनेछ ।

**४६. वनजन्य बीउको उत्पादन :**

वन बीउको उत्पादन, बिक्री वितरण र निर्यातका लागि यस नगरपालिकामा पाइने वन पैदावारका बीउहरुको उत्पादन र बजारीकरणका लागि योजना तर्जुमा गरी वन उपभोक्ता समूह र निजी वनवालाहरुलाइ आवश्यक सहयोग उपलब्ध गराउन सकिने छ ।

**४७. वनजन्य खाद्य वस्तु तथा कन्दमूलको सदुपयोग:**

(१) यस नगरपालिकाको सामुदायिक वन लगायतका वन क्षेत्रमा वनको हैसियत नबिग्रने गरी र वातावरण तथा जैविक विविधताको संरक्षण हुने गरी वन क्षेत्रबाट उपलब्ध हुनसक्ने वनजन्य खाद्य वस्तु तथा कन्दमूल संकलन र बिक्री वितरण गर्न सकिनेछ ।

(२) यस नगरपालिकामा विशेष पहिचान तथा महत्व भएका वनजन्य खाद्य वस्तु तथा कन्दमूलको दिगो संकलन र सदुपयोग तथा बजारीकरणका लागि विपन्न परिवार र यस्ता वस्तुको बारेमा परम्परागत ज्ञान भएका परिवारलाइ प्राविधिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउन सकिनेछ ।

**४८. चरन तथा खर्क व्यवस्थापन:**

(१) यस नगरपालिकामा रहेका सामुदायिक वनमा पशुहरुको चरीचरन व्यवस्थापनका लागि उपभोक्ता समूहको वन व्यवस्थापन कार्ययोजनामा आवश्यक व्यवस्था गरी चरीचरन व्यवस्थापन गर्नु सकिनेछ ।

(२) सामुदायिक वन बाहेकका अन्य वन क्षेत्र वा सार्वजनिक जग्गामा चरीचरन व्यवस्थापनका लागि यस नगरपालिकाले गोठाला तथा पशुपालक परिवार वा समूहसँग परामर्श गरी चरीचरन गराउने क्रममा पालन गर्नुपर्ने नियमहरु बनाउन सक्नेछ ।

(३) खर्क जग्गा उपयोग गरी चरीचरन र वन पैदावारको उपयोग गरेका स्थानीयको प्रथाजनित अभ्यासलाइ सम्मान र संरक्षण गर्दै पालिका र सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहले सो जग्गाको दिगो व्यवस्थापनका लागि आवश्यक नियम बनाउन सक्नेछ ।



Scanned with CamScanner

**४९. वनसम्बन्धी प्रथाजनित अभ्यासको प्रवर्द्धन :**

(१) यस नगरपालिकाको क्षेत्रभित्र आदिवासी जनजाति समुदायले परम्परादेखि अवलम्बन गर्दै आएका वनसम्बन्धी प्रथाजनित अभ्यासहरुको प्रवर्द्धनका लागि सामुदायिक वन र अन्य विभिन्न वन व्यवस्थापन प्रणालीको कार्ययोजनामा आवश्यक व्यवस्थाहरु समावेश गर्नु पर्नेछ ।

(२) सामुदायिक वन तथा अन्य वन व्यवस्थापन प्रणालीका कार्ययोजनाहरुमा उल्लेखित वनसम्बन्धी प्रथाजनित अभ्यासको प्रवर्द्धनका लागि सम्बन्धित वन उपभोक्ता समूह र यस नगरपालिकाले आवश्यक स्रोत साधान र सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) सामुदायिक वन बाहेकका क्षेत्रहरुमा कुनै प्रथाजनित संस्थाले वन संरक्षण तथा सदुपयोग गर्दै आएको भएमा उक्त वन क्षेत्र सोही प्रथाजनित संस्थाले व्यवस्थापन गर्न सक्नेछ ।

**५०. वनसम्बन्धी परम्पराग ज्ञानको संरक्षण र प्रवर्द्धन :**

(१) यस नगरपालिकामा वन व्यवस्थापन गर्दा वन स्रोतमाथिको आदिवासी जनजाति र स्थानीय समुदाय, दलित र महिलाको अधिकार संरक्षण गर्नुपर्नेछ ।

(२) वनसम्बन्धी कुनैपनि कार्यहरु गर्दा र वन स्रोत परिचालन गर्दा आदिवासी जनजाति र स्थानीय समुदायको रैथाने तथा परम्परागत ज्ञानको पूर्ण रुपमा सम्मान, संरक्षण र प्रवर्द्धन गर्नुपर्नेछ ।

(३) वन व्यवस्थापन गर्दा र वन स्रोत परिचालन गर्दा वनमा आश्रित जीविकोपार्जनको अधिकारबाट कसैलाई पनि वञ्चित गर्न पाइने छैन ।

(४) यस नगरपालिकामा रहेका आदिवासी जनजाति र स्थानीय समुदाय वन तथा जैविक विविधता र प्राकृतिक स्रोत संरक्षण तथा सदुपयोगसंग सम्बन्धित परम्परागत ज्ञानको संरक्षण र प्रवर्द्धनका लागि यस नगरपालिकाले आवश्यक सहयोग गर्न सक्नेछ ।

## परिच्छेद - ७

## निजी वनसम्बन्धी व्यवस्था

**५१. निजी वन दर्तासम्बन्धी व्यवस्था:**

(१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि प्रदेश सरकारको वनसम्बन्धी कार्यालयको सिफारिस सहित यस नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख



Scanned with CamScanner

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी यस नगरपालिकाले नीजि वन दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिम निजी वन दर्ता गरेको विवरण सहितको जानकारी यस नगरपालिकाले प्रदेश सरकारको वन सम्बन्धी कार्यालयलाई गराउनेछ ।

**५२. निजी वनको व्यवस्थापन र वन पैदावार परिचालनः**

(१) निजी वनको धनीले निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्ने तथा निजी वनको वन पैदावारको उपयोग गर्ने वा स्वतन्त्र रुपमा मूल्य निर्धारण गरी बिक्री वितरण गर्ने समेत सक्नेछ ।

(२) निजी वनको धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि यस नगरपालिका र प्रदेश सरकारको वन सम्वन्धी कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) व्यावसायिक प्रयोजनको लागि निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको सङ्कलन तथा ओसारपसार यसै नगपालिकाको क्षेत्रभित्र गर्नु परेमा यस नगरपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी वनको वन पैदावार व्यावसायिक प्रयोजनको लागि यस नगरपालिकाको क्षेत्रबाट अन्य कुनै स्थानीय तहको क्षेत्रमा वन पैदावारको बिक्री वितरण र ओसारपसार गर्नु परेमा प्रदेश सरकारको वन सम्वन्धी कार्यालयबाट स्वीकृति लिनु पर्नेछ ।

(५) घरायसी प्रयोजनको लागि यस नगरपालिकाको क्षेत्रबाट यो नगरपालिका रहेको जिल्ला भित्रको कुनै स्थानीय तहमा वन पैदावार बिक्री वितरण तथा ओसारपसार गर्नु परेमा यस नगरपालिकाबाट सङ्कलन तथा ओसारपसार गर्ने स्वीकृती लिनु पर्नेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो नगरपालिका रहेको जिल्लाबाट कुनै अर्को जिल्लामा घरायसी प्रयोजनका लागि वन पैदावार बिक्री वितरण तथा ओसारपसार गर्नु परेमा प्रदेश सरकारको वन सम्वन्धी कार्यालयबाट स्वीकृति लिनुपर्नेछ ।

(७) निजी वनको धनीलाई निजी वन विकास, कृषि वन तथा जडीबुटी खेती एवं गैरकाष्ठ वन पैदावार प्रवर्द्धनका लागि यस नगरपालिकाबाट पारित कार्यक्रम तथा योजना अनुसारका सहयोग, अनुदान तथा सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख



Scanned with CamScanner

**५३. निजी वनमा वन्यजन्तु पालन :**

(१) कुनै निजी वनवालाले यस नगरपालिकाको सिफारिसमा वन तथा वन्यजन्तु सम्वन्धी प्रचलित संघीय कानून र मापदण्डको अधीनमा रही आफ्नो निजी वनमा संरक्षित वन्यजन्तु बाहेकका वन्यजन्तु तथा पन्छी समेत पालन गर्न सक्नेछ।

(२) कुनै निजी वनवालाले उपदफा (१) बमोजिमका कार्यहरु गरेको भएमा सोको जानकारी यस नगरपालिकामा गराउनु पर्नेछ र उक्त वन्यजन्तु तथा पन्छीमा कुनै रोग देखा परेमा तत्काल प्रदेश सरकारको वनसम्वन्धी कार्यालय, पशु विकास कार्यालय र अन्य सम्बन्धित निकायको सहयोगमा रोकथाम तथा नियन्त्रण गर्नुपर्नेछ।

## परिच्छेद -८

## वनसम्बन्धी कसुरको जाँचबुझ सम्बन्धी कार्यविधि र दण्ड सजाय

**५४. बनसम्बन्धी कसुरको जाँचबुझसम्बन्धी कार्यविधि :**

यस नगरपालिकाको क्षेत्रभित्र हुने वन, वन्यजन्तु तथा वातावरणसम्वन्धी कसुरको जाँचवुझसम्वन्धी कार्यविधिका सम्वन्धमा वन, वन्यजन्तु तथा वातावरणसम्वन्धी प्रचलित संघीय कानून लागु हुनेछ।

**५५. दण्ड सजाय :**

यस पालिकाको क्षेत्रभित्र हुने वन, वन्यजन्तु तथा वातावरणसम्वन्धी कसुरमा वन, वन्यजन्तु तथा वातावरणसम्वन्धी ∞प्रचलित संघीय कानून वमोजिम दण्ड सजाय हुनेछ।

## परिच्छेद - ९

## वनसम्वन्धी संस्थागत व्यवस्था

**५६. नेपाल सरकार र प्रदेश सरकारको भूमिका :**

यो ऐन कार्यान्वयनका लागि नेपाल सरकार र प्रदेश सरकारले आवश्यक सहयोग र स्रोत साधन उपलव्ध गराउन सक्नेछ।

हरिप्रसाद ज्ञवाली
नगर प्रमुख



Scanned with CamScanner

## ५७. वन तथा वातावरण सम्बन्धी विषयगत समितिः

यस नगरपालिकाले वन क्षेत्रका विषयमा समन्वय, अनुगमन तथा मूल्यांकन र अन्य आवश्यक कार्यहरु गर्नका लागि नगरपालिका तहमा कार्यपालिकाको कुनै सदस्यको संयोजकत्वमा वन तथा वातावरण समिति गठन गर्न सक्नेछ ।

## ५८. वन तथा वातावरण शाखाले वनसम्बन्धी कार्य गर्न सक्ने :

(१) यस नगरपालिकामा रहने वन तथा वातावरणसम्बन्धी शाखाले वन सम्बन्धी विषयमा काम गर्नको लागि आवश्यक मानव स्रोतको व्यवस्था गरी वनका विषयमा आवश्यक सहजीकरण र प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) वन तथा वातावरण शाखाले वनसम्बन्धी कार्य सञ्चालन गर्दा यस नगरपालिकामा रहेको विषयगत समितिसँग सहकार्य र समन्वय गर्नुपर्नेछ ।

## ५९. वनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न सक्ने:

(१) यस नगरपालिकाले नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन्, २०७४ को दफा ११(२) (ज) र दफा ११(४) (ड) मा उल्लिखित वन, वन्यजन्तु, जैविक विविधता र वातावरणसम्बन्धी कार्यहरु गर्नको लागि उपभोक्ता समूह, सरोकारवाला संघ संस्था तथा नागरिक समाज र निजी क्षेत्रसँग समेत समन्वय, परामर्श र सहकार्य गरी नगरपालिका स्तरको वार्षिक तथा आवधिक वन योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

(२) यस नगरपालिकाले आफ्नो वन योजना कार्यान्वनका क्रममा वन उपभोक्ता समूहको क्षमता विकास, सामुदायिक वनका कार्ययोजना तर्जुमा, संशोधन तथा परिमार्जन, वन उद्यम तथा पर्यापर्यटन विकास लगायतका कार्यहरुको लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने गरी नियमित रुपमा बजेट विनियोजन गर्न सक्नेछ ।

# परिच्छेद - १०

# विविध

## ६०. वन क्षेत्रमा प्रवेश नियमनः

(१) वन संरक्षणको दृष्टिकोणले आवश्यक देखिएमा यस नगरपालिका र सम्बन्धित वन उपभोक्ता समूहले आफ्नो सबै वन क्षेत्र वा केही निश्चित् वन क्षेत्रमा केही समयका लागि प्रवेश नियन्त्रण तथा निषेध गर्न सक्नेछ ।

हरिप्रसाद ...
नगर प्रमुख



Scanned with CamScanner

(२) सामुदायिक वन बाहेकका वन क्षेत्रमा कुनै समयका लागि प्रवेश निषेध गर्नुपर्ने भएमा सो सम्बन्धी व्यवस्था वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुनेछ र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले वन क्षेत्रमा प्रवेश निषेधसम्बन्धी निर्णय गर्दा यस नगरपालिकासँग समन्वय, छलफल तथा परामर्श गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम वन क्षेत्रमा प्रवेश निषेध गर्दा परम्परागत रुपमा उपयोग गर्दै आएको बाटो, पानी (खानेपानी, सिंचाइ, पानीघट्ट) र धार्मिक तथा सांस्कृतिक क्षेत्रको नियमित उपयोगमा प्रतिबन्ध लगाउन पाइने छैन।

**६१. सामाजिक प्रयोजनका लागि वन पैदावारको आपूर्ति :**

यस नगरपालिकाको क्षेत्रभित्र धार्मिक तथा सांस्कृतिक कार्य, विपद् व्यवस्थापन, दाह संस्कार, विपन्न वर्गको घरगोठ निर्माण र अन्य अत्यावश्यक विकास निर्माणको लागि काठ दाउरा आवश्यक परेमा यस नगरपालिकाले सम्बन्धित वन उपभोक्ता समूह वा निजी वनवालालाई न्यूनतम शुल्क लिई यी प्रयोजनका लागि काठ दाउरा आपूर्ति गर्नका लागि समन्वय गर्न सक्नेछ।

**६२. बेवारिस वा दरियावुर्दी काठबाट प्राप्त लाभको बाँडफाँड :**

प्रदेश सरकारले वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिम यस नगरपालिकाको क्षेत्रबाट संकलित बेवारिस वा दरियावुर्दी काठबाट प्राप्त रकमको २५ प्रतिशत रकम यस नगरपालिकाको सञ्चित कोषमा उपलब्ध गराउनु पर्नेछ।

**६३. अन्तरस्थानीय तहमा फैलिएको वन व्यवस्थापन:**

यस नगरपालिका र छिमेकी नगरपालिका बीच फैलिएको वनको दिगो व्यवस्थापनका लागि अन्तरस्थानीय तह वन समन्वय समिति गठन गरी त्यस्ता वनहरुको सामुदायिक वनका माध्यमबाट दिगो संरक्षण र व्यवस्थापनका लागि सहजीकरण गरिनेछ।

**६४. वनसम्बन्धी अध्ययन अनुसन्धान र अभिलेख :**

(१) यस नगरपालिकामा रहेको वनसम्बन्धी अध्ययन अनुसन्धानका लागि आवश्यक अनुदानको व्यवस्था गरी वनको विकासमा टेवा पुरयाउने योजना तर्जुमा गर्न सकिनेछ।

(२) यस नगरपालिकाले आफ्नो क्षेत्रमा रहेको वन पैदावार तथा जैविक विविधता र वन्यजन्तु तथा यी विषयसँग सम्बन्धित परम्परागत ज्ञान र अभ्यासहरुको अभिलेख तयारी गर्न सक्नेछ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख



Scanned with CamScanner

(३) उपदफा (२) बमोजिम [illegible] अभिलेखलाई विद्युतीय माध्यमबाट व्यवस्थित गरी समुदाय तथा सरोकारवालाको पहुँचमा राख्नु पर्नेछ ।

**६५. पुरस्कारसम्बन्धी व्यवस्था :**

बन संरक्षण र व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने समुदाय, व्यक्ति वा संस्थालाई यस नगरपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

**६६. अधिकार प्रत्यायोजन:**

यस नगरपालिकाको कार्यपालिकाले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार कुनै विषयगत समिति वा नगरप्रमुखलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**६७. नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने :**

यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि यस नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ ।

**६८. बचाउ तथा खारेजी र बाझिएमा गर्ने :**

(१) यस नगरपालिकाको स्थानीय बन ऐन २०७७ खारेज गरिएको छ र सो ऐन बमोजिम भए गरेका कामकाजहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(२) यो ऐन वा यस ऐनमा गरिएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थाहरुसंग बाझिन गएमा बाझिएको हदसम्म यो ऐनका सम्बन्धित दफाहरु स्वत: निष्कृय हुनेछन् ।

समाप्त



Scanned with CamScanner